नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

**प.स.: २०७९/८० च. नं. : बा.नि.व्य.सु.-** ३६

मिति-२०७९।०६।३१

विषयः बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने समयावधि थप गरिएको सम्बन्धमा

श्री स्थानीय तह (सवै)

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ ले वि.सं.२०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र वि.सं. २०८२ सम्ममा सवै प्रकारको बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ। राष्ट्रिय योजना आयोगको मध्यकालिन खर्च संरचना MTEF (आ.व. २०७८/७९-२०८०/८१) मा आ.व. २०७९/८० का लागि बालश्रममुक्त हुने स्थानीय तहको संख्या ७० तोकेको छ।

बालश्रममुक्त स्थानीय तह घोषणका कार्यक्रमका लागि गत आ.व.०७७/०७८ र २०७८/०७९ मा क्रमशः २६ र ३८ वटा स्थानीय तह छनौट भइ मन्त्रालयद्वारा सशर्त अनुदान उपलब्ध गराइएकाको र उक्त स्थानीय तहहरुमा कार्यक्रम कार्यान्वयनका क्रममा रहेका छन्। स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने कार्यमा सहजता एवं एकरुपता ल्याउन श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ जारी गरेको छ। सोही कार्यविधिको दफा ६ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय तहले अनुसुचि १ बमोजिमको सर्वेक्षण गरेको हुनुपर्ने र दफा ७ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले अनुसुची २ बमोजिमको प्रस्ताव माग गर्नेछ भन्ने व्यवस्था अनुरुप बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न अनुसुचि १ बमोजिमको सर्वेक्षण सम्पन्न गरी सो को प्रतिवेदन सहित अनुसुचि २ को ढाँचामा बालश्रममुक्त स्थानीय तह घोषणा पूर्वको अनुदान लिने प्रयोजनका लागि प्रस्ताव पेश गर्न मिति २०७९ आश्विन मसान्तसम्मको समय दिइएकोमा सो को म्याद एक महिना थप गरी २०७९ कार्त्तिक मसान्तसम्म कायम गरिएको व्यहोरा मिति २०७९।०६।३१ को निर्णयअनुसार अनुरोध छ।

(गोबिन्द प्रसाद आचार्य)

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं, फोन नं: ४२११७९१, फ्याक्स: ४२११८७७ इमेल: info@moless.gov.np वेव: www.moless.gov.np